# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति : २०८०।०८।१४

**प्रस्तावना** : राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिश गर्न आवश्यक भएकोले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा १७ को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले नियुक्ति दिने पदाधिकारीलाई सम्झनु पर्छ।

(ख) "आदेश" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० सम्झनु पर्छ।

(ग) "उपसमिति" भन्नाले आदेशको दफा ६ को उपदफा (२) बमोजिम गठन हुने उपसमिति सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले आदेशको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

३. **कार्यकारी निर्देशकको न्यूनतम योग्यता र कार्य अनुभव** : आदेशको दफा ६ को उपदफा (३) बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ वा कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मितिसम्ममा चालिस वर्ष उमेर पुगेको व्यक्ति समितिको कार्यकारी निर्देशक पदको उम्मेदवार हुन सक्नेछ।

४. **उपसमितिको काम कर्तव्य र अधिकार** : उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवेदन आह्वान गरी सूचना प्रकाशन गर्ने,

(ख) आवेदन सङ्कलन गरी उपर्युक्त उम्मेदवारहरूको शैक्षिक योग्यता, कार्य अनुभव र विषय विज्ञता आदिको छानविन गरी योग्य उम्मेदवारहरूको आवेदन स्वीकृत गरी सूची प्रकाशन गर्ने,

(ग) कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(घ) अन्तर्वार्ता लिने,

(ङ) योग्यताक्रमको आधारमा बढीमा तीनजनाको नाम नियुक्तिका लागि सिफारिश गर्ने।

५. **आवेदन आह्वान गर्नु पर्ने** : (१) शुरुमा नियुक्त हुने, रिक्त भएको वा हुने कार्यकारी निर्देशकको पदपूर्तिका लागि उपसमितिले बढीमा एक्काइस दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिका र प्रतिष्ठानको वेभसाइटमा सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपनियम (१) मा उल्लेख गरिएको अवधिभित्र तीनवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको तीन कार्यदिनभित्र पुनः सात दिनको म्याद थप दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम थप भएको म्यादभित्र समेत थप आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै नियुक्तिको प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन।

(४) सूचनाको स्वरूप वा ढाँचा अनुसूची-१ तथा आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

६. **आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु** : (१) आदेशको दफा ६ को उपदफा (३) बमोजिम योग्यता पुरा गरेका इच्छुक उम्मेदवारले समितिमा आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरी पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्वर, घर कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपि,

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यावसायिक अनुभवको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम आवेदनसाथ देहायको विवरण सहितको स्वघोषणाको कागज पेश गर्नु पर्नेछः-

(क) समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको,

(घ) किर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(च) प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको।

७. <u>व्यावसायिक कार्ययोजना</u> : उम्मेदवारले आवेदनसाथ देहायको विवरण सहितको व्यावसायिक कार्ययोजना पेश गर्नु पर्नेछः-

(क) व्यावसायिक तथा सीप विकासको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक स्थिति,

(ख) व्यावसायिक तथा सीप विकासको अवधारणा,

(ग) नेपालमा यसको इतिहास र आवश्यकता तथा संभावना,

(घ) यस सम्बन्धी नेपाल सरकारले सञ्चालन गरेका र गर्नुपर्ने कार्यक्रम, कार्ययोजना तथा परियोजना सम्बन्धी जानकारी,

(ङ) आदेशको कार्यान्वयन गर्न आवश्यक सोच, दृष्टिकोण र कार्ययोजना सहितको बढीमा पाँच हजार शब्दसम्मको व्यावसायिक योजना नेपाली वा अंग्रेजी भाषामा पेश गर्नु पर्नेछ।

८. <u>छनौट प्रकृया</u> : (१) तोकिएको म्यादभित्र समितिमा प्राप्त आवेदन तथा कागजातहरु उपसमितिमा पठाउनु पर्नेछ।

(२) समितिमा प्राप्त आवेदन तथा कागजातहरु उपसमितिमा पठाउदा सिलबन्दी गरी निवेदकले पेश गरेको व्यावसायिक कार्ययोजना सहित पठाउनु पर्नेछ।

(३) उपसमितिले आवेदनसाथ पेश भएका कार्ययोजना र विवरणहरु आवेदन पेश गर्ने अन्तिम म्यादपछि बस्ने पहिलो बैठकमा खोल्नु पर्नेछ।

(४) आवेदन दिनु पर्ने अन्तिम म्याद समाप्त भएपछि छनौट उपसमितिले शैक्षिक योग्यता, अनुभव तथा कार्ययोजनाको आधारमा उपलब्ध भएसम्म उत्कृष्ट ६ जना उम्मेदवारहरुको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीको लागि मिति, समय र स्थान तोकी सोको सूचना दिनु पर्नेछ।

९. <u>छनौटका आधारहरू</u> : (१) उम्मेदवारहरूको सिफारिश गर्न सिफारिश समितिले देहायका छनौटका आधारहरू लिनेछ। छनौटका आधारहरूलाई देहाय बमोजिम दुई चरणमा मूल्याङ्कन गरिनेछ।

(क) पूर्णाङ्क-१००

| | | |
|---|---|---|
| (१) | शैक्षिक योग्यता | २० अङ्क |
| (२) | अनुभव | ३० अङ्क |
| (३) | व्यावसायिक कार्ययोजना | <u>५० अङ्क</u> |
| | जम्मा | १०० अङ्क |

(ख) पूर्णाङ्क-५०

कार्ययोजना प्रस्तुतीकरण अङ्क ३० र अन्तर्वार्ता २० अङ्क गरी ५० अङ्कको हुनेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनको अङ्क तालिकामा अलग अलग मूल्याङ्कन भएकोमा अलग अलग नै सहिछाप गरी सिलबन्दी खाम बाहिर स्पष्ट लेखी दस्तखत गरी गोप्य राख्नु पर्नेछ।

१०. **<u>शैक्षिक योग्यताको अङ्क गणना</u>** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित निकायको कार्यक्षेत्रको विषयमा वा व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ वा कानून विषयमा स्नातकोत्तर उपाधिलाई न्युनतम शैक्षिक योग्यता मानी सो वापत १० अङ्क प्रदान गरिनेछ। अतिरिक्त शैक्षिक योग्यता एमफिल वापत २ अङ्क र पीएचडी वापत ५ अङ्क प्रदान गरिनेछ। एमफिल र पीएचडी दुबै उपाधि भएको हकमा ५ अङ्क मात्र प्रदान गरिनेछ। विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

११. **<u>अनुभवको मूल्याङ्कन</u>** : व्यावसायिक तथा सीप विकास तालिमको क्षेत्रमा अधिकृत स्तर वा सो भन्दा माथिको पदमा प्राप्त गरेको दश वर्षको अनुभव वापत जम्मा १० अङ्क प्रदान गरिनेछ। दश वर्ष भन्दा बढी अवधिको अनुभवको लागि प्रति वर्ष १ अङ्कका दरले बढीमा कूल १५ अङ्कसम्म दिइनेछ।

१२. **<u>व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन</u>** : उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना वापत देहाय बमोजिम बढीमा ५० अङ्क प्रदान गरिनेछ।

(क) व्यावसायिक तथा सीप विकासको क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक स्थिति विश्लेषण -१० अङ्क

(ख) नेपाल सरकारबाट निर्धारित व्यावसायिक तथा सीप विकास नीति, योजना कार्यक्रमसँग कार्ययोजनाको सम्बन्ध -१० अङ्क

(ग) व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान, विद्यमान SWOT र समाधान -१० अङ्क

(घ) व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको प्रभावकारी सञ्चालन व्यवस्थापनको भावी सोच, रणनीति, कार्यनीति र सो को कार्यान्वयन कार्ययोजना -२० अङ्क

१३. **<u>उम्मेदवारको संक्षिप्त सूची प्रकाशन</u>** : दफा ९ को खण्ड (क) बमोजिमका आधारहरूको मूल्याङ्कनबाट अधिकतम अङ्क प्राप्त गर्ने बढीमा छ जना उम्मेद्वारहरूलाई खण्ड (ख) बमोजिमका आधारहरूको मूल्याङ्कनका लागि संक्षिप्त सूची प्रकाशन गरिनेछ।

१४. **<u>व्यावसायिक योजनाको प्रस्तुतीकरण र मूल्याङ्कन</u>** : (१) दफा ९ को खण्ड (क) बमोजिमको मूल्याङ्कनबाट संक्षिप्त सूचीमा समावेश भएका उम्मेदवारहरूलाई खण्ड (ख) बमोजिमका आधारहरूमा मूल्याङ्कनका लागि समावेश हुन जानकारी गराइनेछ।

(२) यसमा समितिका प्रत्येक सदस्यले प्रदान गरेको अङ्कको औषत अङ्क दिइनेछ। समितिका अध्यक्ष र सदस्यले अङ्क दिँदा सामान्यतया बढीमा ७० प्रतिशत र घटिमा ४० प्रतिशत सीमाभित्र अङ्क प्रदान गर्नुपर्नेछ। सो भन्दा घटी वा बढी अङ्क दिनुपरेमा स्पष्ट कारण खोल्नु पर्नेछ।

(३) प्रस्तुतीमा सूचना प्रविधिको उपयोग, व्यावसायिक योजनाको अवधारणात्मक स्पष्टता, सूचनाहरूको विश्लेषण क्षमता र पुष्ट्याईंका आधार, आत्मविश्वासको तह, प्रस्तुतीकरण शैली र सीप, समयपालना र अनुशासन, समस्याको पहिचान र सुधारका लागि भविश्यपरक दृष्टिकोण, कार्यान्वयन कार्ययोजना र मूल्याङ्कन बिधि, नेतृत्व क्षमता जस्ता पक्षहरू मूल्याङ्कन गरिनेछ।

१५. <u>अन्तर्वार्ता</u> : समितिका अध्यक्ष र सदस्य प्रत्येकले प्रदान गरेको मूल्याङ्कन अङ्कको औसत अङ्क दिइनेछ। यसमा प्रस्तुतीकरण, आत्मविश्वास, समस्या समाधानको कौशल, सकारात्मक सोच, नेतृत्व क्षमता जस्ता विषयवस्तुहरूको मूल्याङ्कन गरिनेछ।

१६. <u>उम्मेदवारको प्राप्ताङ्क र योग्यताक्रम निर्धारण</u> : उम्मेदवारको प्राप्ताङ्क बमोजिमको योग्यताक्रम देहाय बमोजिम निर्धारण गरिनेछः-

(क) संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूले दफा ९ को खण्ड (क) मा प्राप्त अङ्क र खण्ड (ख) मा प्राप्त अङ्कको जोडजम्मा गरी अनुसूची-३ बमोजिम उम्मेदवारले प्राप्त गरेको कुल अङ्क कायम गरिनेछ।

(ख) उम्मेदवारहरूमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू ३ जनालाई योग्यताक्रम निर्धारण गरी राखिनेछ।

१७. <u>सिफारिश र नियुक्ति सम्बन्धी व्यवस्था</u> : (१) संक्षिप्त सूचीका उम्मेदवारमध्ये दफा १६ को खण्ड (ख) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारलाई नियुक्तिका लागि उपसमितिले समिति समक्ष आदेशको दफा ६ को उपदफा (३) बमोजिम सिफारिश गर्नेछ।

(२) उपदफा (१) बमोजिम उपसमितिले सिफारिश गरेका उम्मेदवारहरूमध्येबाट एकजनालाई समितिको सिफारिशमा मन्त्रालयको सचिवले आदेशको दफा ६ को उपदफा (५) बमोजिम कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

१८. <u>प्रशासकीय प्रमुखको रुपमा काम गर्नु पर्ने</u> : आदेश बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकले प्रतिष्ठानको प्रमुख प्रशासकीय प्रमुखको रुपमा काम गर्नु पर्नेछ।

१९. <u>कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने</u> : (१) समितिको अध्यक्ष तथा मन्त्रालयको सचिवले कार्यकारी निर्देशकको नियुक्ति भएको मितिले बढीमा पन्ध्रदिनभित्र कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहाय बमोजिमका विषयहरू समावेश गर्नु पर्नेछः-

(क) कार्यकारी निर्देशकले पूरा गर्नुपर्ने कार्य विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक कार्ययोजनाको विवरण,

(ग) प्रतिष्ठानको सुधार योजनाको नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्यतालिका,

(घ) कार्यविवरण कार्ययोजना सुधारयोजनाका मापनयोग्य सूचक वा प्रतिफल वा उपलब्धिको विवरण,

(ङ)    खण्ड (घ) बमोजिमको उपलब्धिको मूल्याङ्कन गर्ने संयन्त्र र समयावधि।

(३) उपदफा (२) बमोजिमका विवरणहरू तोकिएका सूचकका आधारमा मूल्याङ्कन गर्दा कार्यसम्पादन स्तर पचास प्रतिशत भन्दा कम भएमा त्यस्तो कार्यकारी निर्देशकलाई अख्तियारवालाले हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउन अघि निजलाई मनासिव माफिकको मौका दिई स्पष्टीकरण दिनबाट वञ्चित गरिने छैन।

२०. **दोहोरो सुविधा लिन नपाउने** : प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्त व्यक्ति सरकारी कोषबाट निवृत्तीभरण पाउने भए कुनै एक मात्र लिने गरी नियुक्त भएको मानिनेछ।

२१. **बाधा अडकाउ फुकाउने** : यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

२२. **कार्यविधिको संशोधन** : समितिको सिफारिशमा मन्त्रालयले आवश्यकतानुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

२३. **अनुसूचीमा थपघट वा हेरफेर** : मन्त्रालयले आवश्यक्तानुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

**(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)**

पदपूर्ति सम्बन्धी आवेदन आह्वानको सूचना

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

कार्यकारी निर्देशक पदको पूर्तिका लागि आवेदन आह्वानको सूचना

सूचना प्रकाशित मिति :

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ६ बमोजिम खुल्ला प्रतिष्पर्धाका आधारमा प्रतिष्ठानको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न यो सूचना गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार स्थिति सिफारिश समितिको सचिवालय, सीप विकास तथा तालिम शाखामा तोकिएको ढाँचामा आवेदन दिन हुन सूचित गरिन्छ। थप जानकारीको लागि यस मन्त्रालयको website:www.moless.gov.np मा हेर्न वा मन्त्रालयको सीप विकास तथा तालिम शाखामा सम्पर्क गर्न सकिनेछ।

१. न्युनतम शैक्षिक योग्यताः मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा वा व्यवस्थापन अर्थशास्त्र इन्जिनियरिङ्ग वा कानूनमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा, आर्थिक विकास, इन्जिनियरिङ, व्यवस्थापनका क्षेत्रमा कम्तिमा अधिकृत वा सो भन्दा माथिको पदमा रही दश वर्षको अनुभव भएको।

२. पेश गर्नुपर्ने कागजात तथा विवरणहरू

(क) नेपाली नागरिकता वा राष्ट्रिय परीचयपत्र, शैक्षिक योग्यता, कार्यअनुभव खुलेको प्रमाणपत्र, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्विद्यालयबाट समकक्षता निर्धारण भएको प्रमाणपत्र, उम्मेदवारको विस्तृत विवरण भएको वैयक्तिक विवरण, हालसालै खिचेको पासपोर्ट साइजको फोटो,

(ख) कार्यविधि बमोजिमको व्यावसायिक कार्ययोजना,

(ग) कार्यविधि बमोजिम स्वयंले प्रमाणित गरेका कागजातहरू,

(घ) आवेदन दस्तुर वापत मन्त्रालयको राजश्व खातामा जम्मा गरेको प्रमाण

३. सेवा सुविधा सम्बन्धी अन्य विवरण

(क) कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा आदेशमा उल्लेख भए बमोजिम हुनेछ।

(ख) नियुक्ति भएको पन्ध्रदिनभित्र कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

## अनुसूची-२

### (दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

### आवेदन फारमको नमूना

### प्रतिस्पर्धा गर्न चाहने व्यक्तिले पेश गर्नुपर्ने आवेदन फारमको ढाँचा

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा रही सेवा गर्न ईच्छा भएकोले देहायका विवरण र कागजात राखी यो आवेदन फारम र प्रतिवद्धता पत्र पेश गरेको छु। सो पदमा नियुक्ति हुन आवश्यक पर्ने शैक्षिक योग्यता तालिम तथा अनुभव भएको स्वघोषणा र सो सँग सम्बन्धित कागजात पेश गरेको छु। नियुक्ति तथा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

(१) नियुक्तिका लागि प्रतिस्पर्धा गर्न चाहेको निकाय र पद:

(२) आवेदन पेश गर्ने व्यक्तिको

(क) नामथर:

(ख) नागरिकता नं र जारी जिल्ला: राष्ट्रिय परीचयपत्र र जारी गर्ने निकाय:

(ग) स्थायी ठेगाना: अस्थाई ठेगाना:

(घ) जन्म मिति: फोन/मोवाइल नं

(ङ) इमेल: फेसबुक/ ट्विटर:

(३) शैक्षिक योग्यताको विवरण:

| क सं | उपाधि | विश्वविद्यालय | श्रेणी वा CGPA | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(४) अनुभवको विवरण

| क सं | काम गरेको निकाय | पद | कार्यावधि | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(५) तालिमको विवरण

| क सं | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(६) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन

| क्र सं | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(७) संलग्न कागजात र विवरणहरू

| क्र सं | कागजात विवरण | पाना नं |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र | |
| २ | वैयक्तिक विवरण | |
| ३ | शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलीपि | |
| ४ | अनुभवको प्रमाणपत्रहरूको प्रतिलीपि | |
| ५ | व्यावसयिक कार्ययोजना | |
| ६ | स्वघोषणा सम्बन्धी कागजातहरू | |
| ७ | अन्य आवश्यक कागजातहरू | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| दाँया | बाँया |

दस्तखत:

मिति:

अनुसूची-३
(दफा १६ को खण्ड (क) सँग सम्बन्धित)

उम्मेदवारको अन्तिम मूल्याङ्कन र प्राप्ताङ्क तालिका गणना फारम
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
कार्यकारी निर्देशक सिफारिश समिति

संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूको एकिकृत मूल्याङ्कन फारम

| क. सं. | उम्मेदवारको नाम थर | शैक्षिक योग्यता | अनुभव | व्यावसायिक कार्ययोजना | जम्मा | व्यावसायिक कार्ययोजना प्रस्तुती | अन्तर्वार्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

..................
विज्ञ सदस्य

...............
सदस्य

...............
संयोजक